विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

## विगु गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कारसम्बन्धी मापदण्ड, २०७८

विगु गाउँपालिकामा रहेर उच्चस्तरको कार्य सम्पादन गरी गाउँपालिकाको समग्र विकासमा विशेष योगदान पुऱ्याउने कर्मचारीलाई प्रोत्साहित गरी गाउँकार्यपालिकाको कार्यालयमा कर्मचारीबीच प्रतिस्पर्धात्मक वातावरण सृजना गरी समग्र कार्यवातावरणलाई थप सेवाग्राही मैत्री बनाउने उद्देश्यले विगु गाउँपालिकाको कार्यपालिकाले कर्मचारी प्रोत्साहन तथा पुरस्कारसम्बन्धी मापददण्ड, २०७८ बनाई लागु गरेको छ।

**खण्ड १. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो मापदण्डको नाम "विगु गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कारसम्बन्धी मापदण्ड, २०७८" रहेको छ।

१.२ यो मापदण्ड कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

१.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "मापदण्ड" भन्नाले "विगु गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कारसम्बन्धी मापदण्ड, २०७८" सम्झनु पर्नेछ।

ख. "पुरस्कार" भन्नाले यस मापदण्ड बमोजिम प्रदान गरिने नगद वा जिन्सी पुरस्कारलाई सम्झनु पर्नेछ।

ग. "सम्मान पत्र" भन्नाले यस मापदण्ड बमोजिम कर्मचारीलाई प्रदान गरिने सम्मान पत्रलाई सम्झनु पर्नेछ।

घ. "समिति" भन्नाले यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि गठन गरिएको समितिलाई सम्झनुपर्नेछ।

**खण्ड २. प्रोत्साहन तथा पुरस्कार सिफारिस समितिको व्यवस्था**

यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि देहायानुसारको समिति गठन हुनेछ।

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

**खण्ड ३. प्रोत्साहन तथा पुरस्कारको लागि अंक दिने आधार**

यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि गठित समितले देहायका आधारमा अंक प्रदान गर्नुपर्नेछ।पुरस्कारको लागि सिफारिस समितिले कम्तिमा ५ जना कर्मचारी आफैं छनौट गर्न सक्नेछ। छनौट भएका कर्मचारीले बढीमा ५ अंक स्वमूल्यांकन बापत आफैंले थप गर्न सक्नेछन्।

| अंक दिने आधार | अध्यक्षले दिने अंक | उपाध्यक्षले दिने अंक | प्रमुख प्रशासकीय अधिकृतले दिने अंक |
|---|---|---|---|
| कम्तिमा १ वर्ष सेवा अवधि पूरा भएको | ५ | ५ | ५ |

युधिष्ठिर खड्का
अध्यक्ष

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

| | | | |
|---|---|---|---|
| आफ्नो शाखाको काम सन्तोषजनक ढंगले गरेको | ५ | ५ | ५ |
| आफ्नो शाखाको काम बाहेक अर्को शाखाको काममा समेत उल्लेख्य सहयोग गरेको | ५ | ५ | ५ |
| जम्मा अंक (४५) | ५ | ५ | ५ |

**खण्ड ४. पुरस्कारको राशि र अन्य व्यवस्था**

यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कारको राशिसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

क. गाउँपालिका र वडामा कार्यरत सम्पूर्ण कर्मचारीमध्ये राजपत्राकिंत र राजपत्र अनंकित बढीमा तीन जना कर्मचारीलाई प्रशंसापत्रसहित रु. २५,०००/- (पच्चीस हजार रुपैंया) नगद पुरस्कार प्रदान गरिनेछ।

ख. गाउँपालिका र वडामा कार्यरत सम्पूर्ण कर्मचारीमध्ये बढीमा दुई जना श्रेणीविहीन कर्मचारीलाई प्रशंसापत्रसहित रु. १०,०००/- (दश हजार रुपैंया) नगद पुरस्कार प्रदान गरिनेछ।

ग. पुरस्कारको लागि सिफारिस भई नगद पुरस्कारको लागि छनौट नभएका सबै कर्मचारीलाई प्रशंसापत्र प्रदान गर्न सकिनेछ।

**खण्ड ५. विविध**

क. यो मापदण्डमा व्यवस्था भएको विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

ख. यो मापदण्ड लागु गर्नमा कुनै बाधा वा अड्चन आएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

ख. यो मापदण्डमा संशोधन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

युधिष्ठिर खड्का
अध्यक्ष